# सूचना र मानव अधिकार अनुसन्धान केन्द्र

**Information and Human Right Research Center (IHRC)**

**नेपालगन्ज -१०, बाँके**

# सुरक्षा नीति २०७८

**(Safeguard Policy)**

## १. पृष्ठभूमि :

संस्थामा बिभिन्न जैविक र भौतिक दुवै खालका साधन र श्रोतहरु रहेका हुन्छन । ती साधन श्रोतहरुको संरक्षण सम्बर्द्धन गर्नु संस्थासँग सम्बद्ध सबैको दायित्व हो । यिनै कुराहरुलाई मध्यनजर गरी संस्थाका लागि सुरक्षा नीतिको आवश्यकता महशुस गरिएको हुँदा संस्थाको विधान अनुसार यो **सुरक्षा नीति २०७८** जारी गरिएको छ ।

## २. उदेश्य :

देहायका उद्देश्यहरु परिपुर्ति गर्न यो सुरक्षा नीति २०७८ निर्माण गरिएको हो ।

(क) संस्थासँग प्रत्यक्ष र अप्रत्यक्ष रुपमा जोडिने तर संस्थासँग सरोकार राख्ने मानविय श्रोत र साधनहरुको सुरक्षा गर्ने ।

(ख) संस्थामा रहेका भौतिक तथा जिन्सी सामानहरुको संरक्षण एव संवर्द्धन गर्ने ।

## ३. सुरक्षा नीतिको औचित्य :

संस्थाको संरचना र संस्थाका क्रियाकलापहरु कार्यान्वयन गर्नमा सहजताका लागि संस्थाले बिभिन्न नीतिहरु बनाएको छ । तर संस्थाको संरचना र लक्षित समुदायका व्यक्तिहरुको सुरक्षाका लागि मौजुदा नीतिका अतिरिक्त सुरक्षा नीतिको आवश्यकता महशुस गरिएको छ ।

## ४. अन्य नीतिसंग सम्बन्ध :

संस्थासंग अन्य विभिन्न नीतिहरु रहेका छन् । ति नीतिहरुसंग समन्वयात्मक ढंगले यो नीतिलाई पनि कार्यन्वयनमा ल्याइने छ । संस्थाको कार्यसमिति, कर्मचारी, लक्षित समुह र अन्य सरोकारवालाहरुको सुरक्षाका लागि यस नीतिलाई कार्यन्वयनमा ल्याइएको छ ।

## ५. सुरक्षा नीतिको दायरा :

यो सुरक्षा नीति संस्थाको आफ्नो संरचनाको सुरक्षाका लागि निर्माण गरिएको हो । त्यसैले यसको क्षेत्राधिकार निम्न अनुसार हुनेछ र सोही बमोजिम यो नीतिको कार्यान्वयन गरिनेछ ।

(क) संस्थाको कार्यसमिति, सम्पूर्ण साधारण सदस्यहरु र कर्मचारी ।

(ख) संस्थाले आयोजना गरेका सम्पुर्ण क्रियालापहरुका सहभागीहरु (कार्यक्रम अवधिभर) ।

## ६. नीतिको प्रारम्भ

संस्थाको कार्यसमितिले अनुमोदन गरेको मितिदेखी यो सुरक्षा नीति २०७८ लागू हुनेछ । संस्थाको आगामी साधारण सभाबाट यो नीति अनुमोदन गरिनेछ ।

## ७. नीतिको लक्षित वर्ग तथा क्षेत्र

### ७.१ संस्थाको सुरक्षा नीतिले समेटन खोजेका बर्ग तथा क्षेत्र निम्न छन् ।

**(क) बालबालिका :**

संस्थासँग प्रत्यक्ष र अप्रत्यक्ष रुपमा जोडिएर संस्थाका संरचना र विभिन्न क्रियाकलापहरुमा जोडिएका सबै बालबालिकाहरुलाई प्रचलित कानून बमोजिम संरक्षण गरिनेछ । १८ बर्ष भन्दा कम उमेरका बालबालिकाहरुलाई ज्याला मजदुरीमा लगाइने छैन । आमासँग वा इच्छाइएको ब्यक्तिसँग बस्ने खेल्ने स्तनपान गर्ने अधिकारको सुनिश्चितता गरिनेछ । संस्थाका क्रियाकलापहरुमा सहभागी हुँदा स्याहारकर्ताको व्यवस्था गर्न सकिनेछ ।

**(ख) युवाः**

संस्थासँग प्रत्यक्ष र अप्रत्यक्ष रुपमा जोडिएर संस्थाका संरचना र विभिन्न क्रियाकलापहरुमा जोडिएका सबै किशोर किशोरीहरुलाई उनीहरुका हक अधिकारको लागि लिखित वा मौखिक रुपमा सवाल राख्न मौका दिइनेछ । साथै शारीरिक, भौतिक, मानसिक र यौनजन्य हिंसाहरु हुन नदिन आवश्यक उपायहरु अवलम्बन गरिनेछ । संस्थाका विभिन्न क्रियाकलापहरुमा युवाहरुलाई सहभागी गराइनेछ ।

**(ग) महिला :**

संस्थासँग प्रत्यक्ष र अप्रत्यक्ष रुपमा जोडिएर संस्थाका संरचना र क्रियाकलापहरुमा जोडिएका सबै महिलाहरुलाई लिङ्गका आधारमा कुनै पनि प्रकारको बिभेद गर्न पाइने छैन । संरचना र क्रियाकलापहरुमा ४० प्रतिशत महिला सहभागिता सुनिश्चितताको लागि आवश्यक उपायहरु अवलम्बन गरिनेछ । स्तनपान कक्ष, महिनावारीका समयमा आवश्यकता अनुसार बिदा, सेनिटरी प्याड, महिला शौचालय आदीको सुनिश्चितता गरिनेछ ।

**(घ) जेष्ठ नागरिक :**

संस्थासँग प्रत्यक्ष र अप्रत्यक्ष रुपमा जोडिएर संस्थाका संरचना र क्रियाकलापहरुमा जोडिएका सबै जेष्ठ नागरिकहरुको पहुँच, स्याहार, खानपान र स्वास्थ्य सुरक्षाका लागि आवश्यक व्यवस्था मिलाइनेछ । जेष्ठ नागरिकहरुका लागि हेरचाह तथा स्याहार केन्द्रहरु निर्माण गर्दा महिला र पुरुषहरुका लागि छुट्टा छुट्टै आवासको व्यवस्था मिलाइनेछ ।

**(ङ) कार्यसमिति र कर्मचारी :**

कार्यसमिति र कर्मचारीहरुबाट शारीरिक, मानसिक, यौनजन्य हैरानी र हिंसा हुन नदिन त्यस सम्बन्धी अभिमुखिकरण र गुनासो सुनुवाइको व्यवस्था मिलाइनेछ । कर्मचारीहरुको मासिक तलब, अन्य सेवा सुविधाहरु सम्बद्ध नियमालीहरुमा र निजहरुसँग गरिएको करारमा उल्लेख भए अनुसार तोकिएका मितिमा दिने सुनिश्चित गर्ने । संस्थाका क्रियाकलाप तथा कार्य क्षेत्रमा खटिने संस्थाका पदाधिकारी र कर्मचारीहरुमाथी यदि कुनै किसिमको धम्की, डर, त्रास, कुटपिट जस्ता अपराधिक क्रियाकलाप भएको खण्डमा तत्काल सुरक्षाको व्यवस्था मिलाई सम्वन्धित निकायमा जानकारी तथा कारवाहीका लागि आवश्यक पहल गरिनेछ ।

**(च) मजदुर/कामदार :**

संस्थासँग प्रत्यक्ष र अप्रत्यक्ष रुपमा जोडिएर संस्थाका संरचना र क्रियाकलापहरुका उदेश्य पुरा गर्न संस्थाले बिभिन्न प्रकारका कामदारहरु लगाउनु पर्नेछ । यसरी लगाइएका कामदारहरुको तोकिएको पारिश्रमिक र अन्य सेवा सुविधाहरु तोकिए अनुसारको सयमा दिने सुनिश्चितता गरिनेछ ।

**(छ) कार्यसमिति र सदस्यहरुः**

संस्थाको विधान अनुसार सम्पुर्ण सदस्यहरुको समयमा नविकरण गर्न सूचना गरिनेछ । कुनै सदस्यले संस्थाको हित विपरित काम गरेमा निजलाई हटाउनु पुर्व सफाइ पेश गर्ने मौका दिइनेछ । कार्यसमिति र सदस्यहरुको विवरण अद्यावधिक गराइ प्रत्येक वर्ष प्रमाणित गरेर कार्यालयमा राखिनेछ ।

**(ज) स्वयंसेवक :**

संस्थाका बिभिन्न कार्यक्रमहरुमा संस्थाबाट अन्यत्र वा अन्य संस्थाबाट यस संस्थामा स्वयंसेवकको रुपमा काम गर्न आउने वा जाने हुन सक्छ । यस्तो समयमा स्वयंसेवकको परिचालन गर्नु पुर्व परिवारको अनुमति लिइनेछ । स्वयसेवकहरुलाई हुन सक्ने यौनजन्य हिंसा तथा दुर्व्यवहारबाट टाढा राख्न प्रत्येक पटक स्वयंसेवक परिचालन गर्नु पुर्व स्वयंसेवकहरुलाई अभिमुखिकरण गरि टोली नेता परिचालन गरिनेछ ।

**(झ) संस्थागत सुशासन :**

संस्थाको बिधान, नीति, नियमावली, कार्यविधि र निर्णयहरुको कार्यान्वयन बिधि अनुसार कार्यान्वयन भए नभएको नीति कार्यान्वयन समितिले गर्नेछ । सो समितिले आवश्यक परेमा अन्य आमन्त्रित तथा बिज्ञ सदस्यहरु आमन्त्रण गर्न सक्नेछ । संस्थाका नियमित रुपमा गरिने वार्षिक साधारण सभा, लेखा परिक्षण, सदस्यता नवीकरण जस्ता कार्यहरु नियमित रुपमा गरिनेछ ।

**(ञ) सम्पत्ती :**

संस्थामा भएका चल अचल सम्पत्तीको दस्तावेजीकरण अद्यावधिक गरी संरक्षण गर्ने कार्य समितिको कर्तब्य हुनेछ । जसका लागि कार्यसमितिले पदाधिकारी सदस्य वा कर्मचारीलाई जिम्मेवारी तोक्न सक्नेछ । प्रत्येक वर्ष लेखा परिक्षण हुँदा खर्च भएर नजाने जिन्सी परिक्षण र सामानहरुको मुल्याकंन गरी प्रमाणित गराएर राखिनेछ ।

**(ट) बिपद :**

हावा हुरी, बाढी, पहिरो, भुकम्प, महामारी, चिसो तथा शितलहर, आगलागी लगायतका बिपद पुर्व तयारी खोज उद्धार र पुनर्लाभका कार्यहरुमा ह्विसिल, माइक क्यापसनिङ्ग वा सांकेतिक भाषा दोभाषे लगायतका पहुँचयुक्त सूचना विधिहरु अपनाएर आवश्यक क्रियाकलाप संचालन गरिनेछ ।

**(ठ) दुर्घटना :**

संस्थाका कार्यसमिति र कर्मचारीहरु मध्ये दैनिक कार्य सम्पादनमा बारम्बार यात्रा गरिरहनु पर्ने हुन्छ । यसरी दैनिक कार्यमा निरन्तर संस्थाका खटिने व्यक्तिहरुको सुरक्षाको लागि संस्थाको श्रोत र साधनलाई ध्यानमा राखी स्वास्थ्य र दुर्घटना बिमा गर्न सकिनेछ ।

**८. नीति कार्यान्वयनको प्रक्रिया :**

संस्थासँग प्रत्यक्ष र अप्रत्यक्ष रुपमा जोडिने सबै सरोकारवालाहरुले यो नीतिलाई पछ्याउनु कर्तब्य हुनेछ । संस्थाको संरचना र क्रियाकलापहरुमा संलग्न सबैले यो सुरक्षा नीतिमा उल्लेखित कुराहरुलाई स्वीकार गरि कार्यान्वयन गर्ने प्रतिवद्धता जनाउनु पर्नेछ ।

**८.१ यो नीति कार्यान्वयन गर्नका लागि देहाय बमोजिमको समिति रहने छ ।**

(क) संयोजक- संस्थाको सचिव
(ख) सदस्य- कार्यक्रम प्रबन्धक (वरिष्ठ कर्मचारी)
(ग) सदस्य- लेखा प्रमुख
(घ) सदस्य- कार्य समितिले तोकेको कर्मचारी
(ङ) सदस्य सचिव- कार्यकारी निर्देशक

**८.२. गठित समितिको काम कर्तव्य र अधिकार ।**

(क) सुरक्षा नीति कार्यान्वयनको वार्षिक योजना तर्जुमा गरी कार्यसमिति समक्ष पेश गर्ने ।
(ख) सुरक्षा नीति कार्यान्वयन सम्बन्धी आवश्यक काम कार्यवाही र सिफारिस गर्ने ।
(ग) सुरक्षा नीति कार्यान्वयन गर्दा कुनै जटिलताहरु देखा परेमा कार्यसमिति र सम्बद्ध निकायमा उजुरी गर्ने ।
(घ) मौखिक तथा लिखित गुनासोहरुको सुनुवाई गर्ने ।
(ङ) सुरक्षा नीति कार्यान्वयनको अवस्थाबारे अनुगमन, मुल्याङ्कन तथा प्रतिवेदन पेश गर्ने ।

**८.३** संस्थाको बिधान, नीति, नियमावली र कार्यविधिहरुको बारेमा कार्यसमिति, साधारण सदस्य लगायत अन्य सरोकारलाहरुलाई आवश्यकता अनुसार अभिमुखिकरण गराउनु पर्नेछ ।

**९. नीति कार्यान्वयनका लागि स्रोत :**

नीति कार्यान्वयनका लागि छुट्टै साधन श्रोतको व्यवस्थापन हुने छैन । नीतिहरु कार्यान्वयनका लागि आवश्यक बजेट संस्थाका साझेदार संस्थाको साझेदारीमा व्यवस्थापन गरिनेछ । कार्य समिति कर्मचारी र संस्थाका साझेदार निकायहरुले यो नीति कार्यान्वयनका लागि आपसी सल्लाह अनुसार गर्नु पर्नेछ ।

**१०. अनुगमन, मुल्यांकन र समिक्षा :**
नीति कार्यान्वयन र मुल्यांकनको लागि निति अनुसार बन्ने समितिले नीति कार्यान्वयनको लागि आवश्यक रुजु सूची, फारामहरु निर्माण गरी आवश्यक योजना बनाउने सो योजनाको आधारमा अनुगमन मुल्यांकन गर्ने र अवस्थाबारे बार्षिक रुपमा प्रतिवेदन तयार गरि कार्यसमितिमा पेश गर्नु पर्नेछ ।

**११. बिविध**

**११.१. नीतिको व्याख्या :**
यो नीतिमा कुनै कुरा दोहोरो लागे नलागे वा दुविधा भएमा सो को व्याख्या गर्ने अधिकार संस्थाको कार्य समितिमा निहित हुनेछ ।

**११.२. पुनरावलोकन तथा संशोधन**
यो सुरक्षा नीतिमा कुनै कुरा हेरफेर वा समय सापेक्ष परिमार्जन गर्ने सम्पुर्ण अधिकार संस्थाको कार्य समितिमा हुनेछ ।